# टीकापुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : ३० मिति: २०७७/१०/०६

## भाग - ३

# टीकापुर नगरपालिकामा निजि गुठी दर्ता सम्बन्धी कार्यविधि, २०७७

स्वीकृत मिति: २०७६/०२/१०

**प्रस्तावना:**

टीकापुर नगरपालिका अन्तर्गत स्थापना गरिने नयाँ संस्थागत विद्यालयहरुलाई नीजि गुठिमा दर्ता गरि कक्षा सञ्चालनको अनुमति प्रदान गर्न वाञ्छनिय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा (२) को खण्ड (ज) (२) तथा नगर शिक्षा ऐन टीकापुर, २०७६ को दफा ७ को उपदफा १ बमोजिम टीकापुर नगरकार्यपालिकाले यो कार्यविधि निर्माण गरेको छ।

## परिच्छेद- १
## प्रांरम्भिक

१ .संछिप्त नाम र प्रारम्भ) :

१ )यो कार्यविधिको नाम "नीजि गुठि दर्ता सम्बन्धि कार्यविधि, २०७७" राखिएको छ।

२) यो कार्यविधि नगरकार्यपालिकाको वैठकबाट स्विकृत भएको मितिदेखि नगरपालिका भित्र प्रारम्भ हुनेछ।

२. परिभाषा :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा- ,

क) "ऐन" भन्नाले नगर शिक्षा ऐन टीकापुर, २०७६ लाई सम्झनु पर्दछ।

ख) "नगरपालिकाभन्नाले टीकापुर नगरपालिका सम्झनु पर्दछ।

ग) भन्नाले नगरपालिकाको प्रमुख "प्रमुख प्रशासकीय अधिकृत" प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

घ) "सिमित" भन्नाले नीजि शैक्षिक गुठि दर्ता समितिलाई सम्झनु पर्दछ।

ङ) "सामाजिकविकाससंयोजक" भन्नाले नगरपालिकाको सामाजिक विकासंयोजकको रुपमा जिम्मेवारि प्रदान गरिएको व्यक्ति सम्झनु पर्दछ।

च) "शिक्षा शाखा प्रमुख" भन्नाले शिक्षा शाखाको प्रमुखलाई सम्झनु पर्दछ।

छ) "शैक्षिक गुठि" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा निलने उद्देस्यले स्थापना गरेको नीजि गुठी सम्झनु पर्दछ।

## परिच्छेद२-
## शैक्षिक गुठि दर्ता समिति सम्बन्धी व्यवस्था

३. नीजि शैक्षिक गुठी दर्ताको निर्णय गर्नको लागि नगरपालिकामा देहाय बमोजिमको "नीजि शैक्षिक गुठि दर्ता समिति" रहनेछ :

(क) प्रमुख प्रशासकिय अधिकृत - अध्यक्ष

(ख) नगरपालिकाको सामाजिकविकासंयोजक - सदस्य

(ग) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

४. **गुठि दर्ता समितिको काम कर्तव्य र अधिकार:** गुठि दर्ता समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

क) नीजि शैक्षिक गुठिको लागि प्राप्त भएका निवेदन तथा विधानको अध्ययन गर्ने र नियमानुसार अन्तिमिकिकरण गर्ने,

ख) गुठि विधान दर्ताको लागि वैठक राखि निर्णय गर्ने,

ग) गुठिविधान प्रमाणिकरण गर्ने गराउने,

घ) गुठि दर्ता प्रमाणपत्र प्रदान गर्न प्रमुख प्रशासकिय अधिकृतलाई सिफारीस गर्ने।

## परिच्छेद - ३
## शैक्षिक गुठि दर्ता प्रक्रिया

५. **नीजि शैक्षिक गुठि दर्ता प्रक्रिया देहाय बमोजिम हुनेछ:**

१) कुनै पनि नेपाली नागरिकले नीजि शैक्षिक गुठि दर्ता गर्न चाहेमा गुठिको विधानगुठियारहरुको निर्णय र नागरिकताको प्रमाणपत्र सिहत अनुसुचि बमोजिमको ढाँचामा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुपर्नेछ, जसमा देहाएका कुरा अनिवार्य रुपमा खुलाएको हुनुपर्नेछ:

क) विद्यालयको नाम र ठेगाना,

ख) शैक्षिक गुठिका संस्थापकको नाम र ठेगाना,

ग) शैक्षिक गुठिका गुठियार तथा गुठियारको मुख्य भई काम गर्ने व्यक्तिको नाम, नियुक्ति प्रकृया र कार्यकाल,

घ) गुठियारकोकाम, कर्तव्य, अधिकार तथा निजहरुले पाउने सुविधा,

ङ) शैक्षिक गुठीमा रहेको घर जग्गा आम्दानी ऋण तथा अन्य सम्पतिको विवरण

च) अन्य आवश्यक कुराहरु

२) नीजि शैक्षिक गुठि दर्ताको लागि निवेदन प्राप्त भएपछि गुठिको विधान सहित उक्त निवेदन सदस्य सचिवले समिति समक्ष पेस गर्नेछ ।

३) समितिले विधान अन्य आवश्यक कुराहरु जाँचबुझ गर्नेछ र आवश्यक ठानेमा सो गुठिको अवलोकन निरीक्षण समेत गरि गुठि दर्ता गर्ने वा नगर्ने निर्णय गर्नेछ ।

४) गुठि दर्ता गर्न मनासिव देखिएमा उक्त समितिको सिफारीसमा प्रमुख प्रशासकिय अधिकृतले अनुसुचि-२ बमोिजमकोढाँचामा नीिजगुिठ दर्ताको प्रमाण पत्र प्रदान गर्नेछ ।

देहायका विद्यालयलाई नीजि शैक्षिक गुठिको रुपमा दर्ता गरिने छैन:

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य िदएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय । तर कुनै व्यक्ति वा सस्थाले नीजि गुठीको रुपमा विद्यालय स्थापना तथा सञ्चालन गर्ने गरी कुनै विद्यालयलाई भवन वा जग्गा दान दातव्य दिएमा त्यस्तो विद्यालय नीजि गुठिको रुपमा सञ्चालन गर्न सकिने छ ।

घ) नीजि गुठि दर्ता सम्बन्धि अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

परिच्छेद४ -

शैक्षिक खारेजी प्रक्रिया

६. नीजि शैक्षिक गुठि खारेजीप्रक्रिया देहायबमोजिम हुनेछ:

१) कुनै पनि नेपाली नागरिकले नीजि शैक्षिक गुठि दर्ता गरी प्रचलित ऐन कानुन बमोजिम उक्त गूठि सञ्चालन नभएको वा नगरिएको जानकारी प्रा हुन आएमा समितिले सो गूठिको अनुगमन तथा नीरिक्षण गर्नेछ ।

२) अनुगमन तथा नीरिक्षणको क्रममा सो गुठि ऐन, कानुन विपरित सञ्चालन भएको पाईएमा समितिले दुई पटक सम्म सचेत गराउनेछ ।

३) सचेत गराँउदा पनि अटेर गरेमा समितिले उक्त शैक्षिक गुठि खारेज गर्नेछ । तर गुठि खारेज गर्नु पुर्व समितिले सम्बन्धित गुठियारहरुलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

४) गुठि खारेज गरेपश्चात उक्त गुठिको नाममा रहेको सम्पति नगरपालिकाको स्वामित्वमा रहनेछ ।

५) नीजि गुठि खारेजी सम्बन्धि अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**परिच्छेद- ५**

**िविवध**

**७. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापिन शैक्षिक गुठि अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायका कुरामा देहाय बमोिज हुनुपर्नेछ :**

**(१) शैक्षिक गुठि सञ्चालन गर्ने सञ्चालक (ट्रष्टी) संगठित संस्थाको रुपमा रहनेछ ।**

**(२) शैक्षिक गुठि सञ्चालन गर्दा संचालन बोर्ड (ट्रष्टी) मा सार्वजनिक भए कम्तिमा पाँचजना र नीजि गुठि भए कम्तिमा तीनजना सदस्य हुनुपर्नेछ ।**

(३) शैक्षिक गुठिको आय व्ययको लेखा सर्वमान्य लेखा प्रणालीमा राखि मांन्यता प्राप्त लेखापरिक्षकबाट लेखापरिक्षण गराउनु पर्नेछ ।

(४) शैक्षिक गुठिको तत्काल कायम रहेका गुठिका सञ्चालक (ट्रष्टी) ले आफ्नो जीवनकालमै वा शेषपछि उत्तराधिकारी तोक्ने सक्नेछ ।

८ नीजि शैक्षिक गुठिमा सम्बन्धित विद्यालयका संस्थापक वा निजले तोकेको व्यक्ति पदेन गुठियार हुनेछ ।

९. नीजि गुठिमा दर्ता भएको शैक्षिक संस्थाले वार्षिक रुपमा नगरपालिकाले तोकेको कर तिर्नु पर्नेछ ।

१०. यस कार्यविधिमा लेखिएका विषयहरुको संशोधन, बचाउ र खारेजि टीकापुर नगरपालिकाको नगर कार्यपालिकाले गर्नेछ ।

स्थानीय राजपत्र

# अनुसूचि

## नीजि शैक्षिक गुठि दर्ताको लागि दिईने निवेदन

### (परिच्छेद ३ को दफा ५ (१) सँग सम्बन्धित)

मितः

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु,

टीकापुर नगरपालिकानगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली ।

विषयः गुठि दर्ता गरि दिने सम्बन्धमा ।

प्रस्तुत विषय सम्बन्धमा हामी................ जना गुठियारहरु मिलेर नीजि शैक्षिक गुठि स्थापना गरि शैक्षिक क्रियाकलापहरु सञ्चालन गर्ने योजना रहेकोले तपसिलका कागजात सहित गुठि विधान पेश गरेका छौं । उक्त विधान बमोजिम नीजि शैक्षिक गुठि दर्ता गरि दिन हुन सादर अनुरोध गर्दछौं ।

**निवेदकहरु**

१.

२.

३.

४.

५.

**संलग्न कागजातहरु:**

१. नीजि शैक्षिक गुठि विधान २ प्रति

२. सम्पुर्ण गुठियारहरुका नागरिकताका प्रतिलिपिहरु

३. शैक्षिक गुठि स्थापना गर्ने गुठियारहरुको निर्णयको प्रतिलिपि

अनुसुचि

## नीजि शैक्षिक गुठि दर्ताको प्रमाणपत्र

(परिच्छेद ३ को दफा ५ (४) सँग सम्बन्धित)

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
टीकापुर, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

## प्रमाण पत्र

यस टीकापुर नगरपालिका वडा नं ... कैलाली स्थित श्री ..............लाई शिक्षा ऐन २०२८ (संशोधन सिहत), नगर शिक्षा ऐन टीकापुर, २०७६ तथा शिक्षा नियमावली २०५९ (संशोधन सिहत) को नियम ११ अनुसार सम्वत् ...... साल ... गते रोज... मा नीजि शैक्षिक गुठिको रुपमा यस कार्यालयमा दर्ता गरिएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ ।

..............................
प्रमुख प्रशासकिय अधिकृत

शैक्षिक गुठि दर्ता नं.
मितिः..............

आज्ञाले,
मोहन प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत
टीकापुर नगरकार्यपाकिको कार्यालय